# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## ५ नं. प्रदेश नेपाल

प.सं. : ०७६/०७७

च.नं. :

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

## गणतन्त्र दिवसको शुभकामना

सर्वप्रथम, आज १३ औं गणतन्त्र दिवसको अवसरमा म नेपालमा लोकतन्त्र तथा गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका क्रान्ति ,जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण वीर शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । साथै यस अवसरमा सबै नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रिय एकता प्रवर्द्धन गर्न तथा समृद्ध राष्ट्र निर्माणमा एक जुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्न चाहान्छु ।

नेपालमा गणतन्त्र स्थापना पश्चात नयाँ संविधान कार्यान्वयनमा आएसँगै नेपालमा लोकतन्त्र संस्थागत सुदृढीकरणको बाटोमा छ। लामो समयदेखिको राजनीतिक अस्थिरता पनि अन्त्य भएको छ। आम नागरिकमा जागृत भएको सुशासन, विकास र आर्थिक समृद्धिको जनअपेक्षा सम्बोधनमा मुलुक केन्द्रित हुनुपर्ने बेला आएको छ। लोकतन्त्रको व्यावहारिक अभ्यास जनताबाट चुनिएका प्रतिनिधिबाट शासनसत्ता सञ्चालनसँगै सुरु हुने हो। केन्द्र र प्रदेशहरुमा बहुमतीय 'स्थिर' सरकार बनेका छन्। त्यसैले आम नागरिकका सुशासन र समृद्धिका सपना पूरा गर्ने उपयुक्त अवसर यतिबेला हाम्रो अगाडि रहेको छ। यो अवसरलाई सदुपयोग गर्ने दिशामा सरकार अघि बढ्नुपर्छ। निर्वाचित सरकार र राजनीतिक दलहरूप्रति जनविश्वास जति बलियो बन्दै जान्छ, उति लोकतन्त्र सुदृढ हुँदै जाने हो।

हामी राजनीतिक स्थिरता सँगै जनअपेक्षा अनुसार विकास निर्माण गर्ने र आर्थिक संवृद्धि तर्फ अघि बढिरहेकै अवस्थामा आज नोवल कोरोना भाइरस (कोभिड(१९) को महामारीले विश्वलाई नै आक्रान्त पारिरहेको छ । यो (कोभिड-१९) को महामारीले नेपाललाई पनि अछुतो राख्न सकेना । हामी अहिले यस महामारीबाट कसरी आफू पनि बच्ने र आम जनसमुदायहरुलाई कसरी बचाउने भन्ने विषयमा हाम्रो ध्यान केन्द्रित गरिरहेका छौं । किनकी यो भाइरसको संक्रमण नेपालमा प्रति दिन बढिरहेको अवस्था छ र हाम्रै जिल्लामा समेत संक्रमणको उच्च जोमिख रहेको छ । कोहलपुर नगरपालिका भित्रका बासिन्दाहरुमा हाल सम्म यो संक्रमण नदेखिएको भए पनि संक्रमित देशहरुबाट आउने व्यक्तिहरुको संख्या प्रति दिन बढिरहेको छ । एकातिर हामी पनि संक्रमणको जोखिममा छौं भने अर्को तर्फ ती हाम्रा नगरपालिकाका बासिन्दा रहेकाले उनीहरुको सुरक्षित व्यवस्थापनका लागि क्वारेन्टिनका बनाउनु पर्ने अवस्थाले व्ययभार पनि बढाइदिएको छ । यसबाट हामीले यो आर्थिक वर्षमा नगरबासीहरुको अपेक्षा अनुसार तथा हामीले विनियोजन गरेको बजेटका कार्यक्रमहरु प्रभावित हुन गएका छन् । यो विषम परिस्थिति आम नगरबासीहरुले बुझ्नु भएको छ भन्ने मलाई विश्वास छ ।

अन्त्यमा, कोभिड-१९ को महामारीबाट जोगिन नेपाल सरकारले लागू गरेको स्वास्थ्यसम्बन्धी नियमको पालना गर्नु हामी सबै नेपालीको कर्तव्य हुन आएको छ । सबैले संयम र धैर्यताका साथ सरकारको आव्हान बमोजिम लकडाउन पालना गरी सुरक्षित रहँदै यो महामारीको सामना गर्न आम कोहलपुर नगरबासीहरुमा अझ बलियो एकता र सहकार्यको लागि हार्दिक अपिल गर्दछु । आजको यस गणतन्त्र दिवसको अवसरमा हामी सबैले लोकतन्त्र सुदृढीकरणमै रचनात्मक भूमिका निर्वाह गरेर मात्र मुलुकमा सुदृढ शान्ति कायम गर्ने, राजनीतिक स्थायित्व हासिल गर्ने र आर्थिक विकास गर्ने नेपाली जनताको उत्कृष्ट चाहनालाई साकार पार्न सक्छौं भन्ने दृढ विश्वास व्यक्त गर्दै गणतन्त्र दिवसको पुन: शुभकामना । धन्यवाद !

लूट बहादुर रावत

नगर प्रमुख

लूट बहादुर रावत

नगर प्रमुख

वेब साइट : www.kohalpurmun.gov.np ई-मेल : kohalpurmun@gmail.com फोन नं. ०८१-५४०००९
info@kohalpurmun.gov.np ०८१-५४०३१८